जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४१ अंक ४० २०८० साल जेठ १४ गते आइतवार (28 May 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – पृष्ठ २ मा : नक्कली भुटानी शरणार्थी ... पृष्ठ ३ मा : पुनर्संरचनाको पर्खाइमा अन्तर्सरकारी ... पृष्ठ ४ मा : करेन्ट लागेका चार ... पृष्ठ ५ मा : प्रहरी प्रशासनकै मिलोमतोमा :...

# अदालतको आदेश विपरीत भइरहेको कार्य रोक्न खोज्दा स्थानियमाथी हातपात



**राजविराज**/हुलाकी राजमार्ग अन्तरगत सप्तरीको कल्याणपुर-बरसाइन-स्वर्णपट्टी सडक खण्डको देउरी, सिमराह र स्वर्णपट्टीसहितको स्थानमा नक्साङ्कन मुआब्जा बितरण गरिएको भन्दा फरक जग्गामा सडक निर्माण कार्य भइरहेको छ।

अदालतको आदेश अवज्ञा गर्दै भइरहेको हुलाकी सडक निर्माण कार्य रोक्न खोज्दा परिवारका महिला सदस्यसहित आफूहरुमाथी हातपात तथा दुर्व्यहार भएको पीडित पक्षले गुनासो गरेका छन्।

स्थानियवासी नरेन्द्र नारायण साहुले अदालतको आदेश विपरीत निर्माण कार्य भइरहेको र रोक्न खोज्दा ८० वर्षिया आमा सजनीदेवी, २० वर्षिया छोरी ज्योती साह, छिमेकी पुनिता साह, ललिता साह र आफूमाथी समेत बोदेबरसाइन नगरपालिकाका नगर प्रहरीहरुकै उपस्थितिमा ठेकेदार कम्पनीका कर्मचारीले हातपात गरेको शनिबार विवादित स्थलमा निरिक्षणका क्रममा पुगेका संचारकर्मीहरुसँग गुनासो पोखे।

उनले विवादित स्थलमा हाल उच्च अदालत जनकपुर-राजविराज इजलाश र सर्वोच्च अदालत समेतले तत्काल काम नगर्नु आदेश जारि गरे पनि बलजफ्ती काम भइरहेको प्रहरी प्रशासन मुकदर्शक बनेको गुनासो समेत पोखे।

आदेश कार्यान्वय गर्ने निकाय र पदाधीकारी उदासिन भइदिदा कार्यान्वयन कार्यको बोभ मात्र बढ्दै गएको कानुन व्यवसायी विजय भाको भनाई छ। स्थानीयवासीहरुका अनुससार उक्त सडक खण्डको कित्ता नं.५९४ बाट कित्ता काट गरी कायम भएको ८९५ नम्बर कित्ताको साढे ६ धुर जग्गाको मुआब्जा दिइ सकिएको छ।

उक्त कित्तामा बाँकी १ कट्ठा १ धुर जग्गा मिच्ने हिसाबले स्वर्ण पुलदेखि दक्षिण करिब ५० मिटर लम्बाई सडक टेढो पारी निर्माण कार्य भईरहेको छ। सडकको विच भागबाट दुबै पट्टी बराबर गरी जग्गा अधिग्रहण गर्नु पर्नेमा सो नगरी स्थानीय जनप्रतिनिधी र निर्माण कम्पनीको मिलोमतोमा सडकलाई टेढो बनाएर काम भइरहेको स्थानीयवासी योगेन्द्र यादवले बताए।

साविकको नक्सामा समेत यस स्थानमा हुलाकी सडक सिधा रहेको नापी कार्यालयबाट प्राप्त प्रमाणित नक्शा देखाउँदै उनले भने- "अहिले कसरी टेढो भयो, बुझ्नै सकिएन।"

यस्तै सोही सडक खण्डको देउरी नजिक योगेन्द्र यादव र राम प्रसाद यादवको नाममा रहेको कित्ता नं.३०९ र ३१० को कुल जग्गा मध्ये २२ धुर जग्गाको मुआब्जा पाएको भन्दा फरक जग्गामा सडक निर्माण कार्य भईरहेको स्थानीयले जानकारी दिएका छन्।

उक्त स्थानमा डिपीआर, नक्साङकन र मुआब्जा वितरण गरिएको जग्गा भन्दा फरक जग्गामा सडक निर्माण भईरहेको भन्दै स्थानीयले २०७५ मंसिर २५ गते उच्च अदालत जनकपुर-राजविराज इजलाशमा दिएको निषेधाज्ञा परमादेश मुद्दामा सुनुवाई गर्दै अदालतबाट तत्काल काम नगर्न निर्माण कम्पनीको नाममा परमादेश जारी भएको थियो। तर, सो आदेश विपरीत निर्माण कार्य जारी रहदा स्थानीयवासिन्दाको तर्फबाट बोदेबर्साइन नगरपालिका ९ निवासी नरेन्द्र नारायण साहुले निर्माण कम्पनी श्री दिवा निर्माण सेवा प्रालि, हुलाकी सडक आयोजना कार्यालय र बोदे बसाईन नगरपालिका कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत पुगेका थिए।

सर्वोच्च अदालतको फैसला कार्यान्वय निर्देशनालयले २०७९ साल फागुण १६ गते चलानी नम्बर ३३२ को पत्र विपक्षीहरुलाई पठाई उच्च अदालत जनकपुर-राजविराज इजलाशबाट भएको आदेश कार्यान्वयन गरी गराइ सोको जानकारी अविलम्ब यस निर्देशनालयलाई पठाउनु भनी आदेश भएको थियो।

सो आदेशको पनि पालना नभई अहिले निर्माण कम्पनीद्वारा सडक निर्माण कार्य जारी रहेको स्थानीयवासी राम प्रसाद यादवले गुनासो पोखे। सार्वजनिक सरोकारको विवादमा अदालतबाट आदेश जारी भएपनि आदेश कार्यान्वयन भए नभएको तथा आदेश कार्यान्वयन गर्ने निकाय मौन वसिदिदा अवज्ञा गर्नेहरुको मनोवल बढ्दै गएको स्थानीयवासी सत्यनारायण साहको भनाई छ। दिवा निर्माण सेवा प्रालि काठमाण्डौले १७ दशमलव २८ किलो मिटर लामो बजार क्षेत्रमा ११ र बजार बाहिर ७मिटर चौडाइ कालोपत्रे गर्ने उक्त सडक निर्माण कार्यको मुल्य अभिवृद्धि कर बाहेक ५८ करोड ३ लाख ९७ हजारमा ठेक्का पाएको छ।

# स्थानिय प्रशासनद्वारा बिराटनगरमा धर्ना, विरोधसभा र ऱ्याली गर्न निषेध

**बिराटनगर**/जिल्ला प्रशासन कार्यालय मोरङले विराटनगरमा धर्ना, विरोधसभा र ऱ्याली गर्न निषेध गरेको छ। स्थानीय प्रशासनले शनिबारदेखि अर्को आदेश नभएसम्मका लागि उक्त निषेध जारी गरेको हो।

जिल्ला प्रशासन कार्यालयद्वारा जारी सूचनामा कोशी प्रदेश नामकरणप्रति असमत पक्षले विरोधस्वरुप गर्ने धर्ना, जुलुसले नगर क्षेत्रको शान्ति सुरक्षामा असर पर्न सक्ने भएकाले सुरक्षा समितिको निर्णय अनुसार उक्त निषेध जारी गरेको जनाएको छ।

प्रमख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवद्वारा जारि सूचनामा पूर्वमा देवकोटा चोकदेखि पश्चिममा कोशी अस्पताल चोकसम्मको क्षेत्र, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयदेखि-रोडशेष चोक र दक्षिण जतुवा चोकसम्मको क्षेत्र, मुख्यमन्त्री निवास वरिपरि तीन सय मिटरको क्षेत्र, प्रदेश प्रमुखको कार्यालय तथा निवास वरिपरि तीन सय मिटरसम्मको क्षेत्र र जिल्ला प्रशासन कार्यालय मोरङ-डाँफे चोकदेखि पूर्वको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजविराज नगरपालिका, सप्तरी



## गणतन्त्र दिवस, २०८० भव्यरुपमा मनाऔं

गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं।
लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं।
संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### पानीको अभावमा धानको बेर्ना रोप्न सकिएन

वर्षा नहुँदा किसानहरु धानको बेर्ना उब्जाउन पाएका छैनन् । असारमा धान रोपाईको समय भएकोले त्यसका लागि पहिला धानको बेर्ना रोपाई गर्नुपर्ने हुन्छ । बेर्ना रोपाईका लागि पनि वर्षा नहुँदा किसानहरु चिन्तित देखिन्छन् । यस पटक मनसुन सक्रिय नभएपछि समयमा वर्षा हुने सम्भावना न्युन देखिन्छ । बेर्ना रोपाईका लागि पनि किसानहरु कृतिम रुपमा आफ्नो खेतमा पानीको जोहो गरिरहेका छन् ।

यसरी समयमा वर्षा हुन नसक्नु र सिंचाईको समेत उचित व्यवस्था नभएको बेला धान रोपाईम कठिनाई हुनुका साथै समयमा रोपाई नहुने सम्भावना देखिन्छ । यसप्रति सम्बन्धित निकाय गम्भिर भएको देखिदैन् । मुलुकलाई कृषि प्रदान देश भन्ने गरिन्छ । तर, अहिले यो किताबमा मात्र सीमित भएको छ । कुनै पनि सरकारको काम जनताको समस्या समाधान गरि त्यसलाई दिर्घकालिन रुपमा परिचालन गर्नु हो । तर यहाँ त्यस्तो कुनै प्रकारको कार्य भएको देखिदैन् ।

यस्ता समस्याप्रति तिनै तहका सरकार गम्भिर नभएसम्म यसको समाधानका लागि कुनै उपाय छैन् । एक जना किसानले आफ्नो समस्या समाधान गर्न सक्लान् तर सबैले गर्न सक्दैन् । सिचाईको व्यवस्थाका लागि नहरमा पानी ल्याउनेतर्फ पहल आवश्यक छ । तर त्यो पनि पहल हाम्रो सरकारले गर्न सकिरहेको अवस्था छैन् । तसर्थ किसानको समस्या समाधान र त्यसको दिर्घकालिन उपाय निकाल्नतर्फ ध्यान पुगोस् ।

# नक्कली भुटानी शरणार्थी प्रकरणले उब्जाएका प्रश्न




नक्कली भुटानी शरणार्थी काण्डले तीन करोड नेपालीको मनमस्तिष्कमा अभूतपूर्व उद्वेलन पैदा गरेको छ । हिजोको दिनमा नायकका रूपमा चिनिएका र पुजिएका केही नेता र नोकरशाहहरू खलनायक साबित भएका छन् । उनीहरूप्रति आमजनता र दलका कार्यकर्ताहरूमा रहेको गहिरो श्रद्धा घृणामा बदलिएको छ ।

यो काण्डले सिङ्गो व्यवस्थाप्रति नै आमजनताको मनमा एक प्रकारको नकारात्मक धारणा निर्माण गरिदिएको छ । राणाकाल हुँदै पञ्चायतसम्म र त्यसपछिको कालखण्डसम्म आउँदा नेपालको पहिचान भाडाका सिपाही जन्माउने मुलुकका रूपमा बनेको छ । मुलुकको ओरालो यात्राको दोस्रो चरणमा नेपालको पहिचान श्रमिकहरू निर्यात गर्ने मुलुकका रूपमा स्थापित हुन पुग्यो । नक्कली भुटानी शरणार्थी काण्डसम्म आउँदा नेपालको पहिचानमा एउटा नयाँ आयाम थपिन पुग्यो । अब नेपाल भ्रष्ट नेता र दलालहरूको मुलुकका रूपमा बदनाम हुन पुगेको छ । यो सबै नेपालीका लागि लज्जा र चिन्ताको विषय हो । राष्ट्रमाथि लागेको कलङ्कको कालो टीका हो । यसैबिचमा ढोरपाटन मेयर काण्ड र 'भेप'मा लुकाएर ल्याएको १९ किलो सुन काण्ड पनि थपिएको छ, जसको समाचार रातोपाटीले दिएको थियो ।

शरणार्थी प्रकरणमा दुई पृथक् पृथक् श्रेणीका उच्चपदस्थहरू पक्राउ परेका छन् । पूर्वगृहसचिव र गृहमन्त्रीका सल्लाहकार रहिसकेका उच्चपदस्थ प्रशासकको एउटा वर्ग छ भने अर्को दलका वरिष्ठ नेताहरूको वर्ग छ । धन कमाएर निजी र पारिवारिक जीवन सपार्ने उद्देश्यका साथ निजामती सेवामा छिरेर उच्च प्रशासनको उच्च ओहोदामा पुगेकाहरू ठगी र भ्रष्टाचारमा लिप्त हुनु र दलका नेताहरू ठगी र भ्रष्टाचारमा लिप्त हुनु नितान्त फरक फरक कुरा हुन् ।

कांग्रेस, एमाले र माओवादी जस्ता दलहरू ठूलो सङ्घर्ष र बलिदानबाट जन्मिएका हुन् । आफ्नो जीवनको साठी र सत्तरी वर्षको उमेर वरपर हिँडिरहेका कांग्रेस, एमाले र माओवादीका अधिकांश नेताहरू आफ्नो खाउँखाउँ र लाउँलाउँको कलिलो उमेरमा नै घरपरिवार, धनसम्पत्ति र ज्यानको समेत पर्वाह नगरी समाज र व्यवस्था बदल्न टाउकामा कफन बेरेर निस्किएका नेताहरू हुन् । दलका यी नेताहरूले व्यवस्था बदल्नका लागि देखाएको जुनुन, त्याग र उनीहरूको सरल जीवन र राज्यसत्ताले उनीहरूलाई दिएको पीडा देखेर लाखौँ मानिसहरू उनीहरूका पछाडि लामबद्ध भएका हुन् । टोपबहादुर रायमाझी माओवादीको युद्ध कमिसार हुँदा उनको योजना र आदेशमा लडेका योद्धाहरू अझै पनि हाम्रै वरपर छन् । कैयौँ सहिद भए भने कैयौँ अपाङ्ग र घाइते छन् । बालकृष्ण खाण विद्यार्थीको नेता हुँदा नेवि सङ्घका लाखौँ विद्यार्थी उनलाई आदर्श मानेर परिचालित भए होलान् । उनीहरूलाई आदर्श मानेर राजनीतिमा होमिएका अनेकौँ मानिसहरूको मानसिक उद्वेलनको आज सहजै अनुमान गर्न सकिन्छ ।

रायमाझी र खाण यही पुँजीवादी संसदीय व्यवस्थाका उपज हुन् । उनीहरू उपभोक्तावादी समाजले जन्माएका नकारात्मक पात्र हुन् । हाम्रो समाज कति भ्रष्ट र अनैतिकताबाट ग्रस्त छ भन्ने कुरा भुटानी शरणार्थी प्रकरणले उजागर गरिदिएको छ । नेताहरू कुन हदसम्म अनैतिक र भ्रष्ट हुन सक्छन्, रायमाझी र खाण यसका प्रतिनिधि पात्र हुन् ।

पञ्चायत कालहोस् वा बहुदल होस्, बेला बेलामा भ्रष्ट र अनैतिक नेताहरू देखिने गरेका छन् । उनीहरूमाथि अदालती मुद्दा पनि चलेको छ र केहीले जेल सजाय पनि पाएका छन् । त्यसकै निरन्तरतामा रायमाझी र खाणहरू देखा परेका छन् । यद्यपि उनीहरूको कृत्य अनैतिक र भ्रष्ट आचरणको पराकाष्टा हो । राजनीतिमा नकरात्मताको कुरा गरिरहँदा बिर्सनै नहुने तथ्य के हो भने आज पनि माओवादी होस् वा अन्य दलहरू होउन्, तिनमा इमानदार, त्यागी र जनतामा लोकप्रिय हजारौँ नेता कार्यकर्ताहरू छन् ।

नेता र प्रशासकहरूको ठगीबाट मात्र होइन, अमेरिका जानका लागि आफ्नै मुलुकको नागरिकता त्याग्ने र अर्काको मुलुकको नक्कली नागरिकसम्म बन्न तयार हुने जनताको मानसिकता र चेतनाले पनि सिङ्गो सजग र स्वाभिमानी नेपालीहरूको शिर निहुरिएको छ । घुस लिनु र दिनु दुवै अपराध हुने हुनाले पीडित मानिएका जो पचास लाख रुपियाँसम्मको घुस दिन सक्षम छन्, उनीहरूलाई पनि दण्डित गर्ने प्रक्रिया अगाडि बढाउनु पर्छ ।

शरणार्थी प्रकरणको बिर्सनै नहुने अर्को शानदार र सकारात्मक पाठ छ । त्यो हो ठगीमा लिप्त प्रशासक र नेताहरूमाथि सरकारले अगाडि बढाएको साहसिक कार्यवाही । आज प्रधानमन्त्री प्रचण्ड र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले चालेको साहसिक कदमबाट देशवासीहरूमा एउटा आशा र उत्साहको लहर सिर्जना भएको छ । ठगीको घटनामा लिप्त शक्तिशाली नेता र प्रशासकहरू एकपछि अर्को गरी समातिएका छन् र अझै माथिल्लो तहका नेता र प्रशासकहरूको गिरफ्तारीको सम्भावना छ । यसबाट लोकतान्त्रिक गणतन्त्रको नयाँ राज्य व्यवस्थामा क्रियाशील मिडिया, राज्य संयन्त्र र यसका अन्य अवयवहरू व्यवस्थाभित्रका खराबीलाई हटाउन सक्षम छन् भन्ने पनि स्पष्ट भएको छ । शरणार्थी काण्डमा माओवादी नेतृत्वको सरकारले चालेका साहसिक कदमहरूले राजनीतिक इच्छाशक्ति हुने हो भने मुलुकमा व्याप्त कुशासन, भ्रष्टाचार, पछौटेपन हटाउन सकिन्छ भन्ने विश्वास आम जनतामा र राजनीतिक दलका आमकार्यकर्ताहरूमा समेत विश्वास जागेको छ । दोषीहरूलाई हदैसम्म दण्डित गरेर जनताको विश्वासलाई कायम राखिराख्ने ठुलो चुनौती सरकारसामु छ ।

शरणार्थी ठगी काण्डको विरुद्धमा सिङ्गो मुलुक, यहाँका सबै राजनीतिक दलहरू, नागरिक समाज, बुद्धिजीवी वर्ग र विश्वभरि छरिएका नेपाली नागरिकहरू एक ढिक्का छन् । भ्रष्टाचारविरुद्ध सरकारले छेडेको यो महाअभियानमा सञ्चार माध्यमको पहल र ऐक्यबद्धता अभूतपूर्व छ । पञ्चायतकालदेखि बदनामी खेप्दै आएको प्रहरी सङ्गठनप्रति आमजनताको विश्वास चुलिएको छ । कार्यपालिका र व्यवस्थापिका भ्रष्टाचार विरोधी यस मुद्दामा एक ढिक्का भएर उभिएका छन् ।

अब ढिलो वा चाँडो बल लोकतन्त्रको अर्को मुख्य खम्भा न्यायपालिकाको कोर्टमा पुग्ला । सबैले न्यायपालिकाबाट पनि भ्रष्टाचार विरोधी यस महाअभियानमा ऐक्यबद्धता खोजेका छन् । रातोपाटीबाट

## मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

**राजविराज**/सप्तरीको छिन्नमस्तामा शुक्रबार तीन जना सवार एक मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा एक जना घाइते भएका छन् ।

राजविराज छिन्नमस्ता सडक खण्ड अन्तर्गत छिन्नमस्ता गाउँपालिका ३ मा शुक्रबार दिउँसो भएको मोटरसाईकल दुर्घटनामा स्थानीय १८ वर्षिय श्यामकुमार यादव र विकासकुमार खंगको दुर्घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

राजविराजबाट छिन्नमस्तातर्फ जाँदै गरेको तीनजना सवार प्र.२-०१-००२-प.२५६० नम्बरको मोटरसाईकल आफै अनियन्त्रित भई विधुतीय पोलमा ठोक्किएर सो दुर्घटना भएको प्रहरीको भनाई छ ।

सोही दुर्घटनामा परी सोही ठाउँका अजयकुमार खंग घाईते भएको र उनको अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

तीन जना सवार रहको तथा तिब्र गतिका कारण नियन्त्रण गुमाउँदा सो दुर्घट्ना हुन पुगेको प्रहरीको भनाइ छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# पुनर्संरचनाको पर्खाइमा अन्तर्सरकारी वित्तीय हस्तान्तरण

**यमनाथ शर्मा**

कुनै पनि मुलुक कति केन्द्रिकृत वा विकेन्द्रिकृत छ भनेर हेर्ने विभिन्न तरिका हुन्छन् । तीमध्ये मुलुकका प्रदेश तथा स्थानीय सरकारहरूले गर्ने खर्च पनि एक हो ।

आर्थिक वर्ष २०७९/८० को आर्थिक सर्वेक्षणअनुसार २०७७/७८ मा प्रदेश तथा पालिकाहरूले कुल सरकारी खर्च (तीनै तहका सरकारको) को ४१ प्रतिशतभन्दा बढी खर्च गरेका छन् । अर्थात तीनै तहका सरकारले एक सय रूपैयाँ खर्च गर्दा प्रदेश र पालिकाहरूले मात्र ४१ रूपैयाँ खर्च गरे ।

आर्थिक सहयोग र विकास संगठन (ओइसिडी) को एक प्रतिवेदनले विश्वका १२२ देशका प्रदेश तथा स्थानीय सरकारको औसत खर्च २१.५ प्रतिशत मात्र देखाएको छ । अझ रोचक, विकसित र विकेन्द्रिकृत देश मानिने ओइसिडीका ३७ सदस्य मुलुकमा सन् २०१९ को तथ्यांकअनुसार ४०.२ प्रतिशत खर्च छ ।

यस आधारमा संघीयता कार्यान्वयनको केही वर्षमै नेपाल विकेन्द्रिकृत मुलुकको श्रेणीमा परेको छ ।

तर खर्चले मात्रै विकेन्द्रीकरणको प्रभावकारिता मापन गर्दैन । यस्तो खर्च सरकारले दिने सेवाका लागि लगानी मात्रै हो । त्यो खर्च दक्ष र प्रभावकारी सेवामा रूपान्तरण हुन सरकारहरूले आफ्नो अधिकार क्षेत्रमा स्वायत्त हुने र सोहीअनुसार जवाफदेही हुने शर्तहरू पूरा हुनुपर्छ ।

वित्तीय विकेन्द्रीकरणको कुरा गर्दा यसमा तीन पक्षबीच तालमेल हुन आवश्यक छ- अधिकार ( जिम्मेवारी), कोष र कार्यान्वयन संयन्त्र (कर्मचारी समेत) । यीमध्ये निक्षेपण गर्न सबभन्दा सजिलो कोषलाई मानिन्छ ।

नेपालमा प्रदेश तथा पालिकाको खर्चको ठूलो हिस्सा वित्तीय हस्तान्तरणले ओगटेको छ । यसको बनौट, यसले सिर्जना गर्ने प्रोत्साहन संरचना, विभिन्न अनुदानबीचको अन्तर्सम्बन्ध आदिले प्रदेश तथा पालिकाको प्रभावकारितामा महत्वपूर्ण भूमिका खेल्छन् । अन्तर्राष्ट्रिय अनुभवले पनि राम्रोसँग डिजाइन गरिएको हस्तान्तरणले कुल खर्चको १० प्रतिशत हिस्सा बेहोर्दा पनि उद्देश्य हासिल हुने देखाएको छ । यसो नहुँदा भने ९० प्रतितश बेहोरे पनि उद्देश्य हासिल हुँदैन ।

यही पृष्ठभूमिमा लेखिएको यो लेखले सरकारले अबलम्बन गरेको वित्तीय हस्तान्तरण प्रणालीमा देखिएका मुख्य चुनौतीको समीक्षा गरेको छ र सम्भावित सुधारका उपाय सुझाएको छ ।

संविधानले आन्तरिक राजस्व, राजस्व बाँडफाँट र समानीकरण अनुदानलाई प्रदेश तथा पालिकाको खर्च पूरा गर्ने मुख्य स्रोत मानेको छ । सरकारहरूले सबभन्दा पहिले आफूलाई प्राप्त राजस्व अधिकारको भरपुर उपयोग गर्नुपर्ने व्यवस्था छ । त्यसपछि पनि अपुग भए प्रदेश र पालिकालाई संघीय सरकारले र पालिकाको हकमा प्रदेश सरकारले पनि राजस्व बाँडफाँट र समानीकरण अनुदान हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ ।

समानीकरण अनुदान मार्फत प्रदेश तथा पालिकाहरूको खर्चको आवश्यकता र राजस्व क्षमता ( राजस्व बाँडफाँटसहित) बीचको अन्तर कम गरी सबै प्रदेश तथा पालिकाले प्रदान गर्ने सेवामा न्यूनतम समानता कायम गर्न खोजिएको छ ।

एकातिर प्रदेश तथा स्थानीय तहमा खर्चको आवश्यकता बढी हुन्छ तर राजस्व संघमा बढी उठ्छ । अर्कातिर अन्तरप्रदेश तथा अन्तरपालिका खर्चको आवश्यकता र राजस्व क्षमताबीच निकै ठूलो भिन्नता छ । यो अनुदान मार्फत एकैसाथ दुवै अन्तर कम गर्न खोजिएको छ । यसबाहेक सशर्त, समपूरक र विशेष अनुदानको व्यवस्था पनि छ ।

सशर्त अनुदान राष्ट्रिय नीति, कार्यक्रम तथा मानक लागू गर्न तथा पूर्वाधारको न्यूनता कम गर्न प्रयोग गर्नुपर्छ । समपूरक अनुदानबारे संविधानमा 'कुनै प्रदेश वा स्थानीय निकायको कामबाट अरू प्रदेश वा स्थानीय निकायमा पर्ने प्रभावलाई सम्बोधन गर्ने' भनेर उल्लेख भएकाले यसबाट बाह्यता सम्बोधन गर्न खोजिएको भन्ने बुझिन्छ ।

उदाहरणका लागि, कुनै पालिकाले अर्को पालिकाको सिमानामा हरियाली पार्क बनाउन खोज्यो । तर उसले छिमेकी पालिकालाई फाइदा पुग्ने देखेर लगानी नै गरेन वा चाहिनेभन्दा कम लगानी भयो भने समपूरक अनुदानको माध्यमबाट सो पालिकालाई आवश्यक लगानी गर्न उत्प्रेरित गर्न सकिन्छ ।

विशेष अनुदानको हकमा संविधानले 'अन्य प्रयोजनका लागि' भनेको छ । यसबाट यो अनुदान माथि उल्लिखित अनुदानले निर्दिष्ट गरेको भन्दा छुट्टै प्रयोजनका लागि हो भन्ने बुझिन्छ ।

सारमा, सशर्त, समपूरक र विशेष अनुदानबाट फरक-फरक उद्देश्य हासिल गर्न खोजिए पनि यिनलाई प्रदेश र पालिकाहरूको खर्च बेहोर्ने मुख्य स्रोतका रूपमा भने लिइएको छैन ।

सरकारले आर्थिक वर्ष ०७५/७६ देखि प्रदेश तथा पालिकाहरूलाई चारै प्रकारका अनुदान हस्तान्तरण गर्दै आएको छ । समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा दिइन्छ । यसलाई न्यूनतम, सूत्रमा आधारित र कार्यसम्पादनमा आधारित गरी तीन भागमा बाँडिएको हुन्छ ।

यो अनुदान प्रदेश र पालिकाहरूले सापेक्षिक रूपमा अनुमान गर्नसक्ने हुन्छ । यसमा कुनै शर्त जोडिएको हुँदैन । भए पनि सिद्धान्ततः प्रदेश तथा पालिकाका एकल अधिकारको कार्यान्वयनको खर्च बेहोर्ने स्रोतका रूपमा लिइन्छ । आयोजना/शीर्षकगत पठाइने सशर्त अनुदान भने तोकिए बमोजिम मात्र खर्च गर्नुपर्छ ।

आर्थिक वर्षको अन्तमा खर्च नभएको सशर्त अनुदान संघीय सर्वसञ्चित कोषमा फिर्ता गर्नुपर्ने हुन्छ । समानीकरण अनुदानको हकमा यो व्यवस्था लागू हुँदैन । समानीकरण अनुदान अर्थ मन्त्रालयले सोझै सम्बन्धित प्रदेश तथा पालिकामा पठाउँछ । सशर्त अनुदान सम्बन्धित मन्त्रालयको बजेट तथा कार्यक्रममा राखेर पठाइन्छ । समपूरक र विशेष अनुदान राष्ट्रिय योजना आयोगको सिफारिसमा अर्थ मन्त्रालयले आयोजनागत रूपमा उपलब्ध गराउँछ ।

**अब अनुदानबारे छोटो समीक्षा ।**

संघीय संविधान लागू भएको छोटो अवधिमै वित्तीय हस्तान्तरणको कानुनी तथा संस्थागत व्यवस्थासहित संविधानले व्यवस्था गरेका अनुदानका सबै माध्यम प्रयोग गरी प्रदेश तथा पालिकालाई वित्तीय हस्तान्तरण उपलब्ध गराउन नेपाल सफल भएको छ ।

वास्तवमा, प्रदेश र पालिकाहरूमा पहिलोपटक निर्वाचित पदाधिकारीहरू बहाल हुनुअघि नै समानीकरण र सशर्त अनुदानको रकम विनियोजन गरिसकिएको थियो । संघीय सरकारले विगत पाँच वर्षमा राजस्व बाँडफाँटबाहेक अन्य चार शीर्षकमा प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराएको रकम उसको कुल बजेटको औसत करिब २४ प्रतिशत हुन आउँछ ।

केन्या, थाइल्यान्डजस्ता कतिपय देशहरूमा योभन्दा कम अनुदानका लागि पनि संघर्षै गर्नुपर्छ । हामी कहाँ त प्रदेश र पालिकाको कुनै दबाबबिना हस्तान्तरण गरिएको हो । यी अनुदानले ठूलो संक्रमणका बाबजुद सार्वजनिक सेवा प्रवाहलाई निरन्तरता दिन र प्रदेश तथा पालिकाहरूले योजना तथा बजेट तर्जुमा मार्फत आफ्ना अधिकार प्रयोग गर्न महत्वपूर्ण योगदान पुर्‍याए । यो उपलब्धि विश्वसामु नै गर्व गर्न लायक छ ।

यसका बाबजुद हालसम्मको अनुभवका आधारमा हाम्रो अनुदान प्रणाली दक्ष र प्रभावकारी बनाउने दिशामा केही सवाल सिर्जना भएका छन् ।

पहिलो, विभिन्न अनुदानका उद्देश्यहरूबीच पर्याप्त परिपूरकता र तालमेल हुन सकेको छैन । केही कुरामा कमी र कतै दोहोरोपन छ ।

समानीकरणबाट प्रदेश र पालिकाको राजस्व क्षमता र खर्चको आवश्यकता बीचको अन्तर कम गरी उनीहरूको मुख्य खर्च बेहोर्ने र बाँकी अनुदानबाट निश्चित उद्देश्य प्राप्तितर्फ उत्प्रेरित गरिनुपर्नेमा सबै अनुदानको जोड खर्च बेहोर्नेतर्फ भएको छ ।

समानीकरण र सशर्तको सम्बन्धको कुरा गर्दा समानीकरणबाट संविधान प्रदत्त एकल अधिकार अन्तर्गतका सेवाहरू; जस्तै आधारभूत शिक्षा, स्वास्थ्य, कृषि, पशुप्रसार, खानेपानीमा खर्च बेहोर्ने र सशर्त मार्फत प्रदेश तथा स्थानीय सरकारलाई राष्ट्रिय नीति तथा मापदण्ड पालना गर्न उत्पेरित गर्ने हुनुपर्ने हो । तर सशर्तलाई सोझै यी सेवाहरूको मुख्य खर्च बेहोर्ने माध्यम बनाइएको छ ।

त्यसैगरी समपूरक र विशेष अनुदानबाट छानिएका आयोजनाहरू समानीकरण र सशर्त अनुदानबाट कार्यान्वयन हुने आयोजनाभन्दा बजेटको औसत आकारमा ठूला भएको बाहेक फरक प्रकृतिका छन् भन्न सकिने अवस्था छैन ।

अर्कातिर, प्रदेश तथा पालिकाका कामसँग सम्बन्धित बाह्यता, पैमानाका कारण हुने अर्थ लाभ, पालिका-पालिका वा प्रदेश-प्रदेश बीचको सम्बन्ध र सहकार्य जस्ता पक्षलाई कुनै पनि अनुदानले समेट्न सकेको छैन ।

धेरै अवस्थामा हाम्रा पालिकाहरू प्राप्त अधिकारको प्रयोग एक्लैले गर्न सक्ने अवस्थामा छैनन् । उनीहरूलाई अरू पालिकासँगको सहकार्य आवश्यक हुन्छ । एक पालिका, एक अस्पताल; एक पालिका, एक उद्योग ग्राम; एक पालिका, एक प्राविधिक विद्यालय; जस्ता घोषण तत्कालका लागि लोकप्रिय भए पनि अधिकांश अवस्थामा एक पालिकाले मात्र दिगो तरिकाले लागू गर्न सक्दैन । यस्तै कुरा प्रदेशको हकमा पनि लागू हुन्छ ।

दोश्रो सवाल, समानीकरण अनुदान समग्रमा प्रदेश तथा पालिकाको खर्च धान्ने प्रमुख स्रोतका रूपमा विकसित हुन सकेको छैन ।

विगत पाँच वर्षमा प्रदेश र पालिकाले प्राप्त गरेका उपरोक्त चार अनुदानको औसत वितरण हेर्दा सबभन्दा बढी हिस्सा सशर्तको, ५४ प्रतिशत छ । त्यसपछिको समानीकरण ४० प्रतिशत, समपूरक ३ प्रतिशत र विशेष ३ प्रतिशत छ । गएका चार वर्षमा समानीकरण अनुदानको सापेक्षिक योगदान क्रमशः घट्दै गएको पनि छ ।

प्रदेश र पालिकाले पाएको अनुदानको छुट्टाछुट्टै वितरण हेर्दा प्रदेशको कुल अनुदानमा समानीकरणको हिस्सा ५२ प्रतिशत छ भने पालिकाको हकमा यसले ३७ प्रतिशत भाग ओगटेको छ ।

आर्थिक वर्ष ०७९/८० मा पालिकालाई उपलब्ध गराइएको जम्मा समानीकरण अनुदानभन्दा शिक्षा र स्वास्थ्य क्षेत्रमा मात्र छुट्याइएको सशर्त अनुदान बढी छ । ठूलो रकम समानीकरणबाट पठाइसकेपछि त्योभन्दा ठूलो राशि शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा सशर्त अनुदान वापत पठाइराख्नु कत्तिको दिगो समाधान हो, यो पनि विचारणीय छ ।

यसका प्रारम्भिक लक्षण देखिन पनि थालेका छन् । चालु आर्थिक वर्षको चौथो चौमासिकमा प्रदेश र पालिकाको समानीकरण अनुदानको आधा रकम सरकारले कटौती गर्नु यसको एक प्रमाण हो । शिक्षा र स्वास्थ्य जस्ता क्षेत्र स्वभावैले पुनर्वितरणकारी हुन् । तिनीहरू समानीकरणको मुख्य आधार हुन सक्नुपर्छ ।

तर धेरै अवस्थामा व्यक्तिगत पँहुच/प्रभावका आधारमा उपलब्ध गराइने सशर्त अनुदानको वितरण असमान छ । यो कुरा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले पनि औंल्याउँदै आएको हो । यो असमानता सम्बोधन नगर्ने भएसँगै समानीकरण अनुदान मार्फत हासिल गर्न खोजिएको समन्यायिक विकासमाथि ठूलो चुनौती खडा भएको छ ।

तेश्रो सवाल हो, सशर्त अनुदानको वर्तमान व्यवस्थाबाट प्रदेश तथा पालिकाहरूले संविधानतः प्राप्त अधिकारको पूर्ण प्रयोग गर्न पाएका छैनन् ।

संविधानतः संघीय सरकारलाई जस्तै प्रदेश र पालिकालाई पनि 'आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने' अधिकार छ । तर सशर्त अनुदानको नाममा अधिकांश मन्त्रालयले प्रदेश तथा पालिकाको जिम्मामा रहेका क्षेत्रमा पनि दस हजार रूपैयाँका आयोजनामसेत समावेश गरेका छन् ।

प्रदेश र पालिकाहरूले पनि पाएको अनुदान जस्ताको तस्तै बजेटमा राख्ने र तोकिए बमोजिम तर सकेसम्म बढी खर्च गर्ने गरेका छन् । थुप्रै अवस्थामा यसरी पठाइएको सशर्त अनुदानबाट स्थानीय प्राथमिकता र आवश्यकता बाहिरका आयोजना समावेश भएको पनि नजरअन्दाज गर्न सकिँदैन । यसको अर्को पाटो पनि त्यत्तिकै गम्भीर छ ।

सशर्त अनुदानको रकम खर्च गर्ने कार्यक्रम कार्यान्वयन पुस्तिका/निर्देशिका/कार्यविधि/मार्गनिर्देश पनि मन्त्रालयले पठाउँछ । वित्तीय जोखिम कम गर्न पनि पठाउनुपर्छ । तर कुनै पनि मन्त्रालयले आफ्नो क्षेत्रगत विषयको समष्टिगत योजना तथा बजेट तर्जुमा गरी कसरी प्रभावकारी र नतिजामूलक सेवा प्रवाह गर्ने भन्नेबारे निर्देशिका जारी गरेका छैनन् । प्रदेश तथा पालिकाको सम्बन्धित क्षेत्रको बुझाइ एकांकी भई भए त्यसको प्रतिबिम्ब उनीहरूको योजना, बजेट तथा निर्णय प्रक्रियामा देखिएको छ । पालिकाहरूले वार्षिक रूपमा 'आफ्नो' बजेट अन्तर्गत शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा बजेट राखेपछि सशर्त अनुदानलाई 'संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम' भनी एकमुष्ट राख्ने गरेका छन् ।

चौथो सवाल, आधारभूत शिक्षा र स्वास्थ्य लगायत पालिकाहरूको अधिकार क्षेत्रको विषयमा पनि शीर्षकगत/आयोजनागत रूपमा ठूलो मात्रामा सशर्त अनुदान पठाइन्छ । यसबाट यी क्षेत्र साँचो अर्थमा कुन तहको सरकारको जिम्मेवारीमा पर्छन् भन्ने अन्यौल सिर्जना भएको छ ।

कार्यक्षेत्रगत स्पष्टता र जवाफदेही लगायत दृष्टिकोणबाट यो स्वस्थकर होइन ।

पाँचौं, प्रदेश तथा पालिकाको क्षमता बेवास्ता गरी सशर्त अनुदान

*बाँकी चार पृष्ठमा*


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# करेन्ट लागेका चार मध्ये दुईको मृत्यु

**राजविराज**/सप्तरीको राजविराज, महादेवा र रुपनी गाउँपालिकामा करेन्ट लागेर घाइते भएका चार जना मध्ये दुई जनाको उपचारका क्रममा मृत्यु भएको छ ।

राजविराज नगरपालिका वडा ५ सँग जोडिएको विष्णुपुर गाउँपालिकास्थित शिब्स इन्टरनेशनल बोडिङ्ग स्कुलमा कक्षा १० मा अध्यनरत १७ वर्षिय राजा भन्ने पेशलानन्द यादवलाई शुक्रबार विहान ७ बजे तीर करेन्ट लागेको थियो ।

करेन्ट लागेर अचेत भएका यादवलाई तत्कालै उपचारका लागी स्थानीय छिन्नमस्ता अस्पताल ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए ।

विद्यालय अगाडी रहेको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको खेल मैदानमा विद्यालय प्रशासनद्वारा आयोजना गरीएको अन्तरकक्षा क्रिकेट प्रतियोगिता सूरु गर्ने क्रममा साउण्ड सिस्टम बजाउनका लागी प्रिन्सीपल नरेश प्रताप साहको उपस्थितीमा शिक्षकद्वय रुपेश साह र सतपाल सुडीले विजुलीको पोलमा दाजु पेशलानन्दलाई हुकिङ्ग गर्न लगाएको जनाइएको छ । सोही क्रममा अचानक उनलाई करेन्ट लागेको थियो ।

प्रिन्सीपल साहले भने साउण्ड सिस्टम बजाउनका लागी विद्युत हुकिङ्ग गर्न विद्यार्थीलाई आफुहरुले नभनेको तर शिक्षकको उपस्थितीमा भएको दुःखद घटनाले केही कमजोरी भने भएको स्वीकारेका छन् ।

यता घटनाको विरोधमा विधार्थी तथा मृतकका आफन्तले लापरबाही गर्ने विधालय सञ्चालकमाथि कारबाहीको माग गर्दै विधालय अगाडी टायर बालेर प्रदर्शन गरेको थियो ।

यस्तै प्रहरीका अनुसार मंगलबार महादेवा गाउँपालिका वडा नं. ६ ढिक्कली टोल बस्ने २५ वर्षिय जवाहर मण्डललाई आफ्नो घरको जस्ता छाउने क्रममा करेन्ट लागेको थियो ।

करेन्ट लागेका जवाहरलाई छुटाउन जाँदा उनका ५१ वर्षिय काका उमेश मण्डल समेत करेन्ट लागेर घाइते भएका छन् । दुबै जनालाई उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा भर्ना गरिएकोमा जबाहरलाई चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता उमेश मण्डलको उपचार भईरहेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

यस्तै सोही दिन रुपनी गाउँपालिका ६ बिरेन्द्र बजार बस्ने ३२ वर्षिय कुमार थापा बाँस काट्ने क्रममा करेन्ट लागेर घाइते भएका छन् । उनी आफ्नै बाँस घारीमा बाँस काट्ने क्रममा बाँस बिजुलीको तारमा छुन गई करेन्ट लागेर घाईते भएको प्रहरीले जनाएको छ ।

# ६ सय ४० विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा

**काठमाडौं**/प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले ६ सय ४० विद्यार्थीलाई यस वर्षदेखि आवासीय सुविधा र निर्वाह भत्तासहित निःशुल्क प्राविधिक शिक्षा उपलब्ध गराएको छ ।

परिषद् प्राविधिक शिक्षाको पहुँच नपुगेका ९९ स्थानीय तहका र देशभरका विपन्न, दलित र मुस्लिम समुदायका विद्यार्थीलाई आवासीय सुविधा र निर्वाह भत्तासहित छ सय ४० जना विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा उपलब्ध गराएको परिषद्का सूचना अधिकारी एकराज अधिकारीले

***बाँकी पाँच पृष्ठमा***

## *पुनर्संरचनाको पर्खाइमा...*

पठाउनाले यी सरकारको कार्यबोझ निकै बढेको छ । सशर्त अनुदान पठाउँदा कार्यान्वयन क्षमता पनि सँगै जानुपर्छ । तर उच्च प्राविधिक ज्ञान र सीप भएका अधिकांश जनशक्ति संघीय सरकारमै रहन्छन् । प्रदेश वा पालिकालाई आफ्नो कार्यान्वयन एकाइ जस्तो गरी यो वा त्यो नाममा सशर्त अनुदान मात्र पठाउने व्यवस्थालाई न्यायपूर्ण मान्न सकिँदैन ।

नियमित प्रकृतिका सेवा सञ्चालन (स्वास्थ्य, शिक्षा आदि), निश्चित कार्यक्रम सञ्चालन ( प्रधानमन्त्री रोजगार कार्यक्रम आदि) तथा आयोजना कार्यान्वयन (सडक, खानेपानी, झोलुंगे पुल आदि) गरी तीन भागमा विभाजन गर्न सकिने सशर्त अनुदानमध्ये दोस्रो प्रकारको अनुदानलाई मात्र सैद्धान्तिक आधारमा उपयुक्त मान्न सकिन्छ ।

यसै प्रसंगमा शिक्षा र स्वास्थ्य क्षेत्रको प्रकृति अरूभन्दा फरक रहेको स्पष्ट पारौं ।

यी क्षेत्रको राष्ट्रिय र केही हदसम्म अन्तर्राष्ट्रिय आयाम पनि हुने भएकाले संघीय सरकारको चासो अन्य क्षेत्रमा भन्दा बढी नै हुन आवश्यक छ । अझ शिक्षा क्षेत्रको बजेट अन्तर्राष्ट्रिय सहयोगबाट बेहोरिने भएकाले यसको छुट्टै रिपोर्टिङ चाहिने, शिक्षकको समायोजन नभइसकेको आदि कारणले यसलाई अरू सशर्त अनुदानभन्दा भिन्नै तरिकाबाट हेरिनुपर्छ ।

यो चासो सम्बोधन गर्ने तरिका सशर्त अनुदानको वर्तमान ढाँचा हुन सक्दैन । यसमा समानीकरण अनुदानमा प्रयुक्त सूत्रको पनि कमजोरी छ । सूत्रले शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रलाई प्रत्यक्ष नसमेटेकाले सम्बन्धित मन्त्रालयहरू यी क्षेत्रको रकम पनि 'बाटो र माटोमा' जाने हो कि भन्ने चिन्तामा छन् । अर्कातिर प्रदेश र पालिकाहरूमा समानीकरणको रकम यी क्षेत्रभन्दा बाहिर हो कि भन्ने सन्देश गएको छ ।

सिद्धान्ततः विशुद्ध स्थानीय प्रकृतिका काम (टोल/समुदाय स्तरमा सडक) र सामुदायिक स्तरका काम (समुदाय विशेषका भवन, मन्दिर) पालिकाको आन्तरिक राजस्वबाट बेहोरिनुपर्छ, न कि समानीकरणबाट ।

पालिकामा निर्वाचित पदाधिकारी बहाल भइसकेको अवस्थामा हतारमा जारी गर्नुपर्दा कतिपय संवैधानिक व्यवस्थालाई पूर्ण रूपमा आत्मसात गर्न अन्तरसहकारी वित्त व्यवस्थापन ऐन पनि चुकेको छ ।

संविधानले स्पष्टसँग 'राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई' सशर्त अनुदान उपलब्ध गराउने भनेको छ । ऐनले भने 'आयोजना, परियोजना र कार्यक्रम' को मात्र उल्लेख गरेको छ ।

संघीयता कार्यान्वयनको प्रारम्भमा साविकमा सरकारले कार्यान्वयन गरिराखेका आयोजना, परियोजना र कार्यक्रम प्रदेश र पालिकाहरूलाई हस्तान्तरण गर्नुपर्दा यी शीर्षकमा सशर्त अनुदान उपलब्ध गराउनु आवश्यक भए पनि संविधानले यो अनुदान मार्फत हासिल गर्न खोजेको उद्देश्य धेरै व्यापक र दीर्घकालीन छ । त्यसैगरी बाह्यताको सम्बोधन गर्नेतर्फ समपूरक अनुदानले ध्यान दिन सकेको छैन ।

संविधानले प्रदेश र पालिकाहरूले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था गरेको छ । ऐनले भने समपूरक र विशेष अनुदान प्रदान गर्ने कार्यविधि र अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने प्रावधान राख्यो । सोअनुसार राष्ट्रिय योजना आयोगको सिफारिसमा अर्थ मन्त्रालयले समपूरक र विशेष अनुदान उपलब्ध गराउँदै आएको छ ।

यसबाट संघीय कार्यकारीको न्यूनतम हस्तक्षेपबाट प्रदेश तथा पालिकाहरूले अनुदान पाउने व्यवस्थामा सम्झौता भएको छ । त्यस्तै विभिन्न अनुदानहरूको सापेक्षिक आकार कत्रो हुनुपर्छ, तिनीहरूबीच अन्तर्क्रिया कसरी भएको छ जस्ता कुरामा वित्त आयोगको भूमिका संकुचन भएको छ ।

सारमा, संविधानको शब्द र भावनालाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले पूर्णतः समेट्न नसक्नु, विभिन्न प्रकारका अनुदानबीच उद्देश्यमा स्पष्टता नहुनु, समानीकरण अनुदानको सट्टा सशर्त अनुदान प्रदेश तथा पालिकाहरूको खर्च बेहोर्ने मुख्य स्रोतका रूपमा विकास हुनु, सशर्त अनुदान नीति, कार्यक्रम र मापदण्ड भन्दा आयोजना/क्रियाकलाप केन्द्रित हुनु, विभिन्न शीर्षकका अनुदानलाई समग्रमा हेर्न नसकिनु, अनुदान निर्धारण र सिफारिस गर्ने संवैधानिक आयोगको भूमिका कमजोर हुनु आदि विद्यमान अनुदान प्रणालीका प्रमुख चुनौती हुन् ।

यी चुनौती सम्बोधन गर्न सर्वप्रथम उपरोक्त ऐनको सशर्त, समपूरक र विशेष अनुदान सम्बन्धी व्यवस्थामा संशोधन आवश्यक छ । साथै, समानीकरण अनुदानलाई प्रदेश तथा पालिकाको खर्च बेहोर्ने मुख्य स्रोतको रूपमा विकास गरी बाँकी अनुदानलाई निश्चित नीति/उद्देश्य हासिल गर्ने औजारका रूपमा प्रयोग गर्नुपर्ने देखिन्छ ।

शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रका चासो सम्बोधन गर्न समानीकरण अनुदान भित्र 'ब्लक' को व्यवस्था गरी मोटामोटी रकम उल्लेख गर्न उपयुक्त हुन सक्छ । यी क्षेत्रसँग सम्बन्धित कानुनलाई पनि संविधान अनुकूल बनाउन आवश्यक छ । यसले समानीकरण मार्फत प्रदेश तथा पालिकाहरूलाई प्राप्त स्वायत्ततामा असर पर्छ तर यसको तुलना सशर्तको विद्यमान व्यवस्थासँग गर्दा फाइदा नै बढी हुन सक्छ । अल्पकालीन समाधानका रूपमा विगतका वर्षहरूमा सम्बन्धित प्रदेश र पालिकामा गएको सशर्त अनुदानलाई पनि (आन्तरिक राजस्व र राजस्व बाँडफाँट समेत) समानीकरणको प्रयोजनका लागि गणना गर्न सकिन्छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले पनि यसलाई जोड दिँदै आएको छ ।

सशर्तको सट्टा समानीकरण अनुदानलाई खर्च बेहोर्ने प्रमुख स्रोत बनाउँदा जोखिम नभएको होइन । जोखिम सम्बोधनका लागि अन्य कुराका अतिरिक्त संघीय मन्त्रालयहरूले आफ्नो भूमिकामा व्यापक परिवर्तन ल्याउन आवश्यक छ ।

प्रदेश तथा पालिकाहरूको अधिकार क्षेत्रका विषयमा राष्ट्रिय स्तरका नीति तथा मापदण्ड तर्जुमा मार्फत प्रदेश तथा पालिकालाई दिशाबोध गराउने, सम्बन्धित क्षेत्रको समष्टिगत बजेट तथा योजना तर्जुमाका लागि आवश्यक प्राविधिक सहयोग पुऱ्याउने, आ-आफ्नो क्षेत्रमा अन्तरतह (सरकार) समन्वय संयन्त्र स्थापना गरी त्यसको नेतृत्व लिने, हरेक विषयगत मन्त्रालयले प्रदेश तथा पालिकासँग आफ्नो क्षेत्रमा सञ्चार संयन्त्र स्थापना गर्ने, नतिजा र मापदण्डको आधारमा प्रदेश तथा पालिकाहरूको मूल्यांकन गर्ने, नीति तथा मापदण्डको पालनातर्फ उत्प्रेरित गर्न सशर्त अनुदान पठाउने आदि काम हुनुपर्छ ।

यद्यपि यो काम सशर्त अनुदानका नाममा कुनै निर्दिष्ट आयोजना/शीर्षकमा रकम पठाउनेभन्दा धेरै गुणा चुनौतीपूर्ण छ ।

(शर्मा संविधान सभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँट समितिको विज्ञको हैसियतमा वित्तीय संघीयता सम्बन्धी मस्यौदा निर्माणमा संलग्न थिए ।)

सेतोपाटीबाट

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

# प्रहरी प्रशासनकै मिलोमतोमा तस्करी फस्टाउँदै : उबा संघ सप्तरी

**राजविराज**/उद्योग बाणिज्य संघ सप्तरीले खुल्ला सीमा नाकाका कारण जिल्लामा चोरी निकासी गरि सामान भित्रिदा समेत प्रहरी प्रशासन मौन रहेको आरोप लगाएका छन् ।

संघका अध्यक्ष लालबाबु अग्रवालले प्रहरी प्रशासन कै मिलोमतोमा तस्करी हुने गरेको आरोप लगाउँदै त्यस्ता कार्यलाई नियन्त्रण नगरे आन्दोलनमा उत्रनुको विकल्प नरहेको चेतावनी समेत दिएका छन् ।

सोमवार आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष अग्रवालले सरकारले उद्योगि व्यवसायीहरुको समस्या समाधान गर्न गम्भिर हुनु आवश्यक रहेको बताउँदै आर्थिक तरलता, मन्दी, बैंकको बढ्दो ब्याजदर, कच्चा पर्दाथको अभाव, व्याजका लागी बैंकिङ्ग क्षेत्रबाट बढ्दो दवाव, अब्यवहारिक मौद्रिक र कर नीति तथा कित्ताकाट र विटौरी जग्गा रोक्का फुकुवामा रोक लगायतका कारणले उद्योग व्यवसाय धरासायी बन्न लागेको बताए ।

अध्यक्ष अग्रवालले सरकारको परिवर्तित मौद्रिक नीतिको बैकहरुले पालना नगर्दा राजविराजमा मात्रै २ सय सटरहरु बन्द भईसकेको र तनाव खेप्न नसक्दा कतिपय उधोगी व्यवसायी आत्महत्याको बाटो रोज्न बाध्य भएको बताए । उद्योग व्यवसाय धरासायी बन्दै गएको वेला बैंकले व्यवसायीमाथी बढाउँदै गएको दवाव उचित नभएको उनको भनाइ छ ।

यस अघि २०७९ साल असोज १२ र २०७९ साल फागुन ११ गते उधोगी व्यवसायीको समस्या समाधान गर्न प्रमुख जिल्ला अधिकारी मार्फत राष्ट्र बैंकको गर्भनर र प्रधानमन्त्री समेतलाई ध्यानाकर्षण पत्र बुझाउँदा पनि हाल सम्म कुनै सुनवाई न भएको भन्दै उनले असन्तुष्टी जनाए ।

उद्योग बाणिज्य संघका केन्द्रिय सदस्य अरुण प्रधानले अर्थतन्त्रलाई थप संकटमा जान नदिन बैंकले आफ्नो नाफा नोक्सान मात्र न हेरी निजी क्षेत्रको अस्तित्व जोगाउन अग्रसर हुनु पर्ने जोड दिए ।

बैंकहरुले सहजरुपमा कर्जा नदिदा मिटरव्याजीको चक्करमा फसेर धेरै व्यवसायीहरुको उठिवास भएको भन्दै उनले यस तर्फ सरकारले अविलम्व ठोस पहल गर्नू पर्ने माँग गरे । उनले स्थानीय तहले लगाउने व्यवसायीक कर तथा विभिन्न सिफारीस दस्तुर प्रत्येक वर्ष बढाउँने गरेको भन्दै यसलाई समय सापेक्ष बनाउन माँग पनि गरे ।

# कर, भ्याटका समस्या समाधान गर्न गैससको माग

**राजविराज**/गैरसरकारी संस्था महासंघ नेपाल सप्तरीले मुनाफारहित कार्य गर्ने संघसंस्थाहरुको कर, भ्याटका समस्या समाधान गर्न भन्दै बिहीबार आन्तरिक राजश्व विभागको कार्यालय काठमाडौंलाई ज्ञापनपत्र बुझाएको छ ।

गैरसरकारी संस्था नेपाल सप्तरीका अध्यक्ष दिपक झाका नेतृत्वमा गएको एक टोली करदाता सेवा कार्यालय राजविराजमार्फत करदाता सेवा कार्यालय काठमाडौंलाई सो ज्ञापन पत्र बुझाएको हो । त्यस्तै जिल्ला प्रशासन कार्यालय सप्तरीमा समेत सो ज्ञापन पत्र बुझाइएको छ ।

आन्तरिक राजस्व कार्यालयले नागरिक संघसंगठन माथि घुमाउरो पाराले प्रतिबन्ध लगाउन खोजेको र नेपाली नागरिक संघसंस्थालाई बन्द गर्न खोजेको आरोप लगाउँदै ज्ञापनमा पछिल्लो चरणमा नेपाल सरकारका आन्तरिक राजस्व कार्यालयहरुबाट सामाजिक संस्थाहरुले प्राप्त गरेको वैदेशिक सहयोग अनुदानमा भ्याट लगाउने र संस्थाहरुको आर्थिक वर्षको अन्तिम मौजदातलाई नाफा भनी आयकर समेत लिने गरि पत्राचार गरेकोमा बिरोध जनाइएको छ ।

नेपालको संविधान मौलिक हकको धारा १७ स्वतन्त्रताको हक उपधारा २ (घ) वमोजिम तथा संघसंस्था दर्ता ऐन २०३४ अनुरुप मुनाफा नकमाउने तथा नबाँड्ने गरि नागरिक समाजको भूमिका निर्वाह गर्दै साझेदारी, पहरेदारी, र खबरदारी गर्दै समाज रुपान्तरणको क्षेत्रमा सचेतना, सशक्तिकरण, सामाजिक न्याय, समानता, गरिबी न्यूनीकरण, विपद्का समयमा उद्धार, राहत, पूनर्निमाणका सवाल र वातावरणीय क्षेत्रमा सामाजिक संघसंस्थाहरुको महत्वपूर्ण योगदान रहेको कुरा बुझाइएको ज्ञापनमामार्फत स्मरण गराइएको छ ।

नाफा नकमाउने र नबाँड्ने सामाजिक संस्थाहरु आयकर ऐन २०५८ को दफा २ (ध) ले यस्ता संस्थाहरुलाई कर छुट हुने संस्थाको रुपमा परिभाषित गरेको र २०५९को नियम २७ बमोजिम करछुट प्रमाणपत्र समेत लिदै आएको जनाउँदै ज्ञापनमा सामाजिक संघसंस्थाहरुले समाज कल्याण परिषदमा आवद्ध भई समाज कल्याण ऐन २०४९को दफा १६ को सीमा र परिधिभित्र रही अनुदान तथा सहायता प्राप्त गरी समाज कल्याण परिषदको स्वीकृतिमा कार्यक्रम सञ्चालन गर्दै आइरहेको उल्लेख छ ।

मुनाफारहित कार्य गर्ने सामाजिक संघसंस्थाको अनुदानमा कर नलाग्ने विश्वव्यापी र नेपाल सरकारको मान्यता अनुसार सरकारको नीति नियमभित्र रही सरकारको सहयोगीको रुपमा असहाय तथा पछाडि परेका वर्ग समुदायको उत्थानका लागि कार्य गर्ने सामाजिक संघसंस्थाहरुले प्राप्त गरेको अनुदान रकममा लगाएको कर/भ्याटको समस्या हल गर्न २०७५ सालको आर्थिक ऐन जस्तै आ.व.०८०/८१को आर्थिक ऐनमा पनि मुनाफारहित सामाजिक संघसंस्थाको आयकर, मु.अ.कर, अन्यकर, जरिवाना, थपदस्तुर, शुल्क तथा ब्याज बुझाउन नपर्ने वा मिनाहा हुने साथै मुनाफारहित सामाजिक संघसंस्थाहरु भ्याटमा दर्ता हुनुपर्ने व्यवस्था खारेज गरि समस्याको समाधान गरिदिन अनुरोध समेत गरिएको छ ।

***६ सय ४० विद्यार्थीलाई ...***

जानकारी दिएका छन् ।

उनका अनुसार ९९ स्थानीय तहका ८० जनालाई तीनवर्षे डिप्लोमा तथा विपन्न, दलित र मुस्लिम समुदायका विद्यार्थीलाई १८ महिने प्रि-डिप्लोमा तहमा एक सय ६० जना र तीन वर्षे डिप्लोमा/प्रमाणपत्र तहमा चार सय जनालाई विशेष छात्रवृत्ति कार्यक्रमअन्तर्गत अध्ययन गराइँदैछ । उनले ती विद्यार्थीलाई निर्वाह भत्ताबापत मासिक रु तीन हजार पाँच सय, यातायात खर्चबापत प्रतिवर्ष एक हजार पाँच सय र पोशाक खर्चबापत प्रतिवर्ष रु दुई हजार पाँच सय समेत उपलब्ध गराइनेछ ।

असी विद्यार्थीलाई तीन वर्षे बालीविज्ञान (डिप्लोमा इन एग्रिकल्चर) र डिप्लोम इन होटल म्यानेजमेन्ट विषय निःशुल्क पठनपाठन गर्दैछन् । डिप्लो इन एग्रिकल्चर श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, भोजपुर र डिप्लोमा इन होटल म्यानेजमेन्ट नेपाल बनेपा बहुप्राविधिक शिक्षालय बनेपामा पढिरहेको उनले जानकारी दिए । अठार महिने प्रि डिप्लोमा एग्रिकल्चर, फरेष्ट्री, अटोमोबाइल इञ्जिनियरिङ र सिभिल इञ्जिनियरिङ विषय अध्ययन गराइन्छ ।

यस्तै तीन वर्षे डिप्लोमा सिभिल इञ्जिनियरिङ, बालीविज्ञान), जियोमेटिक्स इञ्जिनियरिङ, बायोमेडिकल इञ्जिनियरिङ, सिभिल ( स्पेशलाइजेशन इन हाइड्रोपावर) इञ्जिनियरिङ, रेफ्रिजिरेशन एण्ड एयरकन्डिसनिङ इञ्जिनियरिङ, मेडिसिनल एण्ड एरोमेटिक्स प्लान्ट, पशुविज्ञान र सिभिल इञ्जिनियरिङ विषय अध्ययन गराइन्छ ।



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

### नौ हजारभन्दा बढी अफगानद्वारा ईयुमा शरणका लागि आवेदन

**काबुल**/युरोपेली जनगणना ब्युरोले जनाएअनुसार गत महिनामा नौ हजारभन्दा बढी अफगान नागरिकले ईयु सदस्य राष्ट्रमा शरणका लागि आवेदन दिएका छन् । खामा प्रेसअनुसार यसरी शरण आवेदन दिने एकै महिनाको यो आँकडा उच्च हो ।

युरोपेली जनगणना ब्युरोका अनुसार चालु वर्षको शुरुमा युरोपेली सङ्घका सदस्य राष्ट्रमा शरणार्थीको चासो गत वर्षको तुलनामा ४० प्रतिशतले बढेको छ ।

बिहीबार मासिक प्रतिवेदन सार्वजनिक गर्दै युरोपेली जनगणना ब्युरोले फेब्रुअरीमा मात्रै ७६ हजार ५०० व्यक्तिले ईयुमा शरणका लागि आवेदन बुझाएका छन् । यो सङ्ख्या गत वर्षको तुलनामा ४० प्रतिशतले वृद्धि भएको देखिएको छ ।

उपलब्ध तथ्याङ्कका आधारमा गत वर्षको फेब्रअरीमा शरणका लागि आवेदन दिनेको प्रारम्भिक सङ्ख्या ५४,३७० रहेको थियो ।

तथ्याङ्कअनुसार सिरियाली र अफगानिस्तान पछिल्ला वर्षमा इयु सदस्य राष्ट्रमा शरण खोज्नेको सबैभन्दा ठूलो समूह हो ।

त्यसैगरी शरण आवेदनको ७७ प्रतिशत स्पेनमामा मात्र केन्द्रित छ भने जर्मनी, फ्रान्स र इटाली क्रमशःपरेका रोजाइमा छन् । खामा प्रेसका अनुसार जर्मनीले मात्रै फेब्रअरीमा २५,००० भन्दाबढी आवेदन प्राप्त गरेको छ ।

युरोपेली सङ्घको तथ्याङ्कअनुसार नयाँ शरणार्थीमध्ये २,७४५ अभिबाबक विहीन नाबालिग छन् भने १,०२५ अफगान नागरिक छन् । एजेन्सी

### प्रहरी अधिकारीको हत्या गरेको आरोपमा तीन जना पक्राउ

**सान साल्भाडोर**/एल साल्भाडोरका राष्ट्रपति नायब बुकेले शुक्रबार एक प्रहरी अधिकारीको हत्या गरेको अभियोगमा तीन कथित गिरोह सदस्यलाई गिरफ्तार गरिएको घोषणा गर्नुभएको छ । सो हत्या काण्डले यस महिनाको शुरुमा शहरको सैन्य घेराबन्दी निम्त्याएको थियो ।

अफिसर म्याक्सिमिनो भास्क्वेजको मे १६ मा भएको हत्याले बुकेलेलाई राजधानी सान साल्भाडोरबाट ८० किलोमिटर (५० माइल) उत्तरमा रहेको ३० हजार मानिस बसोबास गर्ने शहर नुभा कन्सेप्सियन वरपर ५,००० सिपाही र ५०० प्रहरी अधिकारीलाई "सुरक्षा घेरा" स्थापना गर्न आदेश दिन वाध्य बनाएको थियो ।

"हामीले हाम्रो नायकको हत्या गर्नेको ठूलो मूल्य चुकाउने वाचा गरेका थियौं । हामीले उनीहरूको गुट नष्ट गर्यौं, उनीहरूका साथीलाई गिरफ्तार गर्यौं, उनीहरूका नेतालाई गिरफ्तार गर्यौं र आज हामीले तीन हत्यारालाई पक्राउ गर्यौं", राष्ट्रपतिले ट्विटरमा उल्लेख गर्नुभएको छ ।

अहिले हिरासतमा रहेकाले देशमा फेरि कहिल्यै आतङ्क मच्चाउन नसक्ने पनि राष्ट्रपतिको दाबी छ । पक्राउ पर्ने जोस अर्मान्डो ओचोआ गुटेरेज, फ्रान्सिस एन्टोनियो गोमेज काल्डेरोन र साल्भाडोर एनरिक पोर्टिलो लान्डाभेर्डे रहेका छन् । उनीहरूलाई हाल ग्वाटेमालाको हिरासतमा राखिएको छ ।

ग्वाटेमाला प्रहरीले ट्विटरमा २७ वर्षीय पोर्टिलो लान्डाभेर्डे एमएस-१३ गिरोहको सदस्य रहेको र एल साल्भाडोरको सिमानामा रहेको जुटियापा विभागमा हिरासतमा राखिएको बताएको छ । साल्भाडोरका महान्यायाधिवक्ता रोडोल्फो डेलगाडोले पत्रकार सम्मेलनमा अधिकारीले पोर्टिलो ल्यान्भाडेर्डेलाई "गोली चलाउने व्यक्ति" हो भनेर सार्वजनिक गरेका छन् ।

अभियोजकले तीनैजना विरुद्ध "उत्तेजित हत्या"को आरोपमा ३० देखि ५० वर्षको जेल सजायको माग गरेका छन् । गत वर्ष बुकेले गिरोह विरुद्ध एक विवादास्पद "युद्ध" शुरु गर्नुभएको थियो जसका कारण ६८ हजारभन्दा बढी सङ्दिग्ध गिरोह सदस्य वारेन्ट बिना पक्राउ गरिएको थियो । जनमतसङ्ग्रहका अनुसार साल्भाडोरनका बीचमा धर्मयुद्ध व्यापकरूपमा लोकप्रिय साबित भएको छ तर मानवअधिकार सङ्गठन र क्याथोलिक चर्चले बुकेलको तरिकाको आलोचना गरेका छन् । एजेन्सी

### ट्विटरले ईयु डिसइनफरमेसन कोड छोड्दै

**ब्रसेल्स**/ट्विटरले युरोपेली सङ्घको डिसइनफरमेसन कोड छोड्ने निर्णय गरेको छ । एक स्वैच्छिक सम्झौताअनुसार प्रमुख सामाजिक प्लेटफर्म एकसाथ समूह बनाउँदा यसका दायित्व रहन्छन् र त्यसको पालना हुनुपर्छ, ईयु उद्योग आयुक्त थियरी ब्रेटनले शनिबार ट्वीटमा उल्लेख गरेका छन् । सन् २०१८ मा शुरु गरिएको ईयुको डिसइन्फर्मेसनको अभ्यास कोडले मेटा, गुगल, ट्विटर, माइक्रोसफ्ट र टिकटकजस्ता क सामाजिक सञ्जालसहित लगभग तीन दर्जन हस्ताक्षरकर्तालाई समावेश गरेको थियो ।

त्यसबेला कोड प्रयोगकर्ताले तथ्य-जाँचकर्तासँग विकृति वितरण गर्ने संरचनालाई बढावा नगर्ने जस्ता तीन दर्जनभन्दा बढी प्रतिज्ञा गरेका थिए । आफूले प्रतिज्ञा गरेका कुराको पालना गर्नु आवश्यक हुन्छ तर एलन मस्कले ट्वीटरको स्वामित्व लिएपछि प्रतिज्ञाको पालनामा अनुदार रहेका पाइन्छन् । युरोपेली आयोगका एक अधिकारीले शुक्रबार एएफपीलाई भनेका थिए, 'यदि (एलोन मस्क)ले कोडलाई गम्भीरतापूर्वक लिएनन् भने उनले राजीनामा दिनु राम्रो हुन्छ ।' एजेन्सी

# सम्झौता अनुसारको भुक्तानी नपाएको गुनासो

**राजविराज**/सप्तरीको भारदहस्थित कोशी व्यारेजदेखि राजविराज-कुनौली सडक खण्ड अन्तर्गत पर्ने पश्चिमी नहरको सफाई कार्यमा संलग्न पेटीदार, कामदार तथा साझेदार समेतले काम गरेवापतको रकम पाउन नसकेको गुनासो गरेका छन् ।

पीडित पक्षले शनिवार हनुमाननगर कंकालिनी नगरपालिकास्थित कंकालिनी भगवती मन्दिर परिसरमा पत्रकार सम्मेलनको आयोजना गरी काम सम्पन्न भएको महिनौ बितिसक्दा पनि बाँकी बक्यौता रकम पाउन नसक्दा यसमा श्रम र आर्थिक लगानी गरेका ९७ परिवार पिडामा परेको पीडा पोखेका छन् ।

कोशी पश्चिमी नहर सफाईको काम भारत बिहार राज्यको सिँचाई विभाग कुनौली डिभिजनद्वारा झण्डै ३२ करोड भारतीय रुपैयाँका लगानीमा गरिएको छ ।

तीन वर्ष अघिदेखि शुरु भएको उक्त कार्य सम्पन्न गर्ने गरी भारतकै हैदरवादस्थित एनआरएच ईयचजेभी नामक निर्माण कम्पनीले ठेक्का पाएको थियो । उक्त कम्पनीले भने प्रभात कुमार मिश्र संचालक रहेको भारतकै त्रिकला इन्डस्ट्री इन्डिया कम्पनीलाई पेटी कन्टयाक्टमा सो काम गर्न जिम्मा दिएको थियो ।

संचालक मिश्रले भने भारतकै विहार राज्य सिपौल जिल्ला विरपुर निवासी अर्का ठेकेदार राजु सिंहलाई साझेदार बनाई निर्माण कार्य शुरु गरेका थिए । मिश्र र सिंहको बराबरी पुँजीमा सुरु भएको उक्त काममा भारतीय सँगै नेपाली मजदुर पनि खटिएका थिए । काम गरेर पनि लामो समयदेखि भुक्तानी नदिदा आफुहरु मार्कामा परेको पीडित मध्येका सत्यजीत झाले बताए ।

भुक्तानी नदिएपछि केही दिनअघि मात्र निर्माण कम्पनीका ३ वटा स्काईभेटर उनीहरुले नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाएको थियो । उक्त स्काईभेटरहरु भारदह स्थित सशस्त्र प्रहरी बेस क्याम्पमा राखिएको थियो ।

तर, पनि भुक्तानी नपाएपछि पिडितहरुका तर्फबाट सप्तरी जिल्ला अदालतमा संचालक मिश्र विरुद्ध मुद्दा समेत परेपछि न्यायाधिश लालकाजी श्रेष्ठको इजलाशले जनमजदुर, माटो-ढुङ्गा, ट्रक, टिपर, टयाक्टर र इन्धन वापत कबोल गरेको रकम भुक्तानीको टुंगो नलागेसम्म हाल स्काईभेटर र अन्य सवारी साधनको अर्को आदेश वा प्रतिउत्तर परेपछि पुनः विचार गर्ने गरी हाललाई प्रतिउत्तर पर्ने कानून बमोजिमको अवधिसम्म नेपाल बाहिर लान नदिनु आदेश जारी गरेको थियो ।

आदेशको उल्लघंन गर्दै एउटा स्काईभेटर भने प्रहरी नियन्त्रणबाट निकालेर ठेकेदारका आफन्तले लगेको पत्रकार सम्मेलनमा जानकारी गराईएको छ । ठेकेदारका साझेदार रहेका राजु सिंहले आफुहरुले पाउनु पर्ने सबै १३ करोड अर्का साझेदार मिश्राले बुझिसकेपनि ९ करोड रुपैयाँ मात्र दिएर बाँकी पैसा राखेको कारण आफुले मजदुरहरुलाई भुक्तानी दिन नसकेको लाचारी व्यक्त गरे ।

उनले संचालक मिश्राकै कारण मजदुरलाई मात्र होईन, पेटी कन्टयाक्टमा आफुले काममा लगाएको नेपाली ठेकेदार तथा स्काईभेटरको इन्धन र टयाक्टर, टिपर लगायतका सवारी साधनको भाडा समेत दिन समस्या भएको बताए ।

# डेङ्गुबाट बचौं : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**काठमाडौं**/स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्मीयामसँगै पानी पर्न थालेकाले डेङ्गुको सङ्क्रमणबाट जोगिन आग्रह गरेको छ । पानी परेसँगै लामखुट्टेका लार्भाको सङ्ख्या बढ्ने भएकाले मन्त्रालयले डेङ्गु सङ्क्रमणबाट जोगिन आग्रह गरेको हो ।

मन्त्रालयले एक सूचना जारी गर्दै डेङ्गुको सङ्क्रमणबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट बच्नुपर्ने भन्दै सधैँ झूल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएका लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ ।

यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिनसमेत आग्रह गरेको छ । सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ । त्यसैले सरसफाइ गर्न आवश्यक रहेको जनाइएको छ ।

रोग नियन्त्रण शाखाका प्रमुख डा दाहालका अनुसार सन् २०२२ सम्ममा ५४ हजार छ सय ३० जनामा डेङ्गु देखिएकामा ८८ जनाको मृत्यु भएको थियो । गत पुस १५ देखि हालसम्म सात सय एक जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ ।

मन्त्रालयले हरेक शुक्रबार डेङगी विरुद्धका अभियान सञ्चालन गर्न पनि आग्रह गरेको छ । मन्त्रालयले हरेक शुक्रबार बिहान साढे १० बजे सबै कर्मचारी सहभागी भई सरकारी तथा सार्वजनिक कार्यालय हाताभित्र र वरिपरि सरसफाइ अभियान सञ्चालन गर्न आग्रह गरेको हो ।

सामान्य प्रकारको डेङ्गुमा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदि जस्ता लक्षण देखा पर्दछन् । नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । सन् २००५ मा भने डेङ्गुका बिरामी देखिएनन् । त्यसपछि सन् २००६ देखि डेङ्गुको सङ्क्रमण देखिँदै आएको छ ।

मन्त्रालयका अनुसार सन् २००६ मा ३२, २०१० मा नौ सय १७, २०१३ मा छ सय ८६, २०१६ मा एक हजार पाँच सय २७, २०१७ मा दुई हजार एक सय ११, २०१८ मा आठ सय ११ र २०१९ मा १७ हजार नौ सय ९२ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो । सन् २०२० मा पाँच सय ३० र सन् २०२१ मा पाँच सय ४० जना डेङ्गुका बिरामी देखिएका थिए ।

# दुई जनाको शव खेतमा फेला

**राजविराज**/ सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा शुक्रबार एक जनाको शव फेला परेको छ । यो संगै उक्त नगरपालिकामा यसै साता दुई जनाको शव खेतमा फेला परेको हो ।

वडा नं. ४ गंगापुर टोलमा शुक्रवार भक्तपुरको सुडाल गाउपालिका ५ का ४७ वर्षिय बलराम पाण्डेको शव फेला परेको हो ।

स्थानीयले खेतमा उनको शव देखेपछी प्रहरीलाई खबर गरेका थिए । मृतकको शरीरमा चोट पटकको दाग भने नदेखिएको तथा राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा पोष्टमार्टम गरिएको छ । उनको साथमा रहेको परिचय पत्रको आधारमा नाम र ठेगाना खुलेको हो ।

यस्तै हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुरस्थित टेलरिङ्ग फ्याक्ट्री नजिकको खेतमा सोमबार बिहान घाटी रेटिएको अवस्थामा एक यूवकको शव फेला परेको छ ।

सनाखत हुन बाँकि रहेको मृतक युवकको घाटी रेटेर हत्या भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले जनाएको छ ।

मृतकको देब्रे खुट्टामा डोरी समेत बाँधिएको देखिएकाले केही टाढा हत्या भएको र घिसार्दै एकान्त स्थानमा ल्याएर राखेर गएको तथा हत्या राती ८ बजे देखि १२ बजे बीचको समयमा भएको हुन सक्ने प्रहरीले अनुमान गरेको छ ।

घटनास्थल नजिक वियर, रक्सी र चिसो पेय पर्दाथका गरी तीन वटा खाली बोतल समेत देखिएको तथा अर्धनग्न अवस्थामा रहेको अन्दाजी २४/२५ वर्षिय ती युवकको शव भन्दा करिब ५० मिटरको दुरीमा सर्ट र पाईन्ट रगतले लतपतिएको अवस्थामा रहेको छ ।

नजिकै रहेको टेलरिङ्ग फ्याक्ट्रीका संचालक, कामदार तथा स्थानीयवासी समेतले ती युवकको पहिचान गर्न नसक्दा आसपासको गाउँ वा बाहिरी जिल्लाका हुन सक्ने र यहाँ ल्याएर हत्या गरेको हुन सक्ने अनुमान गरिएको छ ।

मृतकको शव पोस्टमार्टमका लागी सोमवार नै धरान स्थित विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाई हत्यामा संलग्नको खोजी कार्य तीब्र बनाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले बताए ।

यस्तै २०७८ साल पौष ११ गते जिल्लाको छिन्नमस्ता गाउँपालिका १ बरही विरपुरकी ५० वर्षिया भुटनी देवी यादवको पनि खेतमा गएका वेला टाउकोमा बियरको बोतल प्रहार गरी भएको हत्या घट्नामा संलग्न अपराधीहरु अझै पत्ता लाग्न सकेको छैन ।

# दुई महिलाद्वारा झुण्डिएर आत्महत्या

**राजविराज**/सप्तरीमा गत साता थप दुई जना महिलाले झुण्डिएर आत्महत्या गरेकी छिन् ।

प्रहरीका अनुसार जिल्लाको शम्भुनाथ नगरपालिका ९ बज्रहट बस्ने ३० वर्षिया रिता देबी मण्डल आफ्नो घरबाट सय मिटर उत्तरमा रहेको आँपको रुखमा सलको पासो लगाई झुण्डीएको अवस्थामा मृत फेला परेकी छिन् ।

यस्तै गत शनिबार जिल्लाको विष्णुपुर गाउँपालिका ३ की २३ वर्षिया मनिषा कुमारी मण्डल आफ्नै सुत्ने कोठाको काठको धरैनमा साडीको पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परेको पर्सी पल्ट अर्की एक महिला झुण्डिएको अवस्थामा फेला परेकी थिइन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चालु आ.ब. २०७९/८० को हालसम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ९२ पुगेको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*